GREATER LANSING foodbank GARDEN PROJECT

MEMBER OF FEEDING AMERICA

## GENERAL QUESTIONS ASKED BY GARDENERS - NEPALI

## किसानहरुले सोधेका सामान्य प्रश्नहरु

### GARDEN OPENING AND ORGANIZATION:

### बारी सुचारु र व्यवस्तापन:

1. **Why are you not tilling the garden on time?**

१. **बारी किन समयमै जोतिन्न?**

बसन्त ॠतुमा मध्य मिचिगन क्षेत्रका बारीहरु धेरै चिसो हुने भएकाले बारी जोत्ने काम सधैं किसानहरुले चाहेको समयमा नहुन सक्छ। ट्र्याक्टरले चिसो माटो जोत्दा समग्र माटोको स्वास्थ्य र संरचनालाई हानी पुर्याउछ। हाम्रो लक्ष्य सबै बारीहरु मेमोरियल डे (स्मारक दिवस), वा सम्भवत, अघिनै, सुचारु गर्ने हो तर बारी तब सुचारु हुन्छ जब मौसम र माटोको अवस्था अनुकुल हुन्छ।

2. **Who are garden leaders? Are they paid?**

२. **बारी लिडरहरु (नेताहरु) को हुन? उनिहरुले पैसा पाँउछन?**

बारी लिडरहरु (नेताहरु) समुदायिक बारीमा समर्पित मुख्य सम्पर्क ब्यक्तीहरु हुन। उनिहरु प्रथम प्रतिक्रियाकार हुन जोसँग तपाईं आफ्नो समुदायिक बारी सम्बन्धित धेरै कुराहरुको बारेमा कुराकानी गर्न सक्नु हुन्छ।

अहँ, उनिहरुले पैसा पाँउदैनन। उनिहरुले आफ्नो समय, कौशलता, र ज्ञान समुदायिक बारीको भँलाईको लागि निसुल्क दिएका हुन, त्यसैले कृपया, उनिहरुलाई सदैब धन्यवाद दिन नभुल्नु होला। यदी तपाईं पनि बारी लिडर (नेता) बनेर सहयोग गर्न इच्छुक हुनुहुन्छ भने, तपाईंको बारीको लिडरहरुसँग या बारी परियोजनाका कर्मचारीहरुसँग सम्पर्क गर्न सक्नुहुन्छ।

3. **Who is allowed in the garden? Is it secure?**

३. **बारीमा को को आउन पाँउछन? के बारी सुरक्षित गरिएको छ?**

बारी सार्वजनिक ठाउँ हो, सबै आउन पाँउछन। हामी, सबैलाई अभिवादन गर्न सुझाब गर्दछौ ता की तपाईंले अरु किसानहरुलाई चिन्ने मौका पाँउनु हुनेछ र आगन्तुकहरूको पहिचान सजिलै गर्न सक्नु हुनेछ। यदी बारीमा अपरिचित ब्यक्तीहरु देख्नु भयो भने उनिहरुलाई केही प्रश्नहरू छन कि भनेर सोध्नुहोस् अनी बारी कसरी प्रयोग भएको छ भनेर वर्णन गर्नुहोस्।

दिनको अन्तमा, बारीबाट जो सबै भन्दा ढिलो घर जान्छ त्यसले सामान राख्ने घर र गेटको ताल्चा लगाउनु पर्दछ (यदी ताल्चा छ भने) । प्रतेक सामान राख्ने घरमा र धेरै जसो गेटहरुमा नम्बर मिलाउने ताल्चा लगाइएको छ; आफ्नो बारीको लिडर/हरु सँग या बारी परियोजनाका कर्मचारीहरुसँग ताल्चाको नम्बर माग्न सक्नुहुन्छ। विगतमा यहाँ चोरी भएको छ।

**GARDEN RESOURCES:**

## बारी स्रोतहरू:

**4. Where do I get free seeds and plant starts from?**

**४. म, बिउ र बिरुवाहरु कहाँ पाउन सक्छु?**

दर्ता भएका सबै किसानहरु हाम्रो स्रोतसाधन केन्द्रमा गएर प्रति मौसम २५ वटा तरकारीका प्याकेट र १५ वटा जडीबुटीका प्याकेट छानेर ल्याउन सक्छन। किसानहरुले हप्ताको एक पटक तोकिए बमोजिम बिरुवाहरु पनि ल्याउन सक्छन। प्रति ब्यक्तीले कती वटा बिरुवा ल्याउन पाँउछन भन्ने चाँही हामीसँग कती बिरुवाहरु उपलब्द छन त्यसमा भर पर्छ। स्रोतसाधन केन्द्र फस्टर पार्कमा अवस्थित छ र त्यहाको ठेगाना २४०१ मार्कस स्ट्रीट, लेन्सिङ, मिचिगन ४८९१२ हो (2401 Marcus St., Lansing, MI 48912). यी स्रोतहरु तपाईंको प्लट शुल्कमा गाबिएको हुन्छ तेसैले कुनै थप लागत(पैसा) तिर्नु पर्दैन। स्रोतसाधन केन्द्र अप्रिल देखी जुन महिना सम्म, हप्ताको दुई देखी चार चोटि सम्म खुल्छ।

**5. What other resources are available at the Resource Center (RC)?**

**५. स्रोतसाधन केन्द्रमा अरु के-के स्रोतहरु उपलब्ध छन?**

स्रोतसाधन केन्द्रमा विविद उपकरणहरू, किताबहरु, र अरु बस्तुहरु जस्तै-बिरुवा छोप्ने कपडा, जग्गा खाली नराख्न रोपिने बालीका बिउहरु, र पराल, निशुल्क या छुट मुल्यमा उपलब्द छन।

**6. Why are we not getting compost on time?**

**६. हामीले किन समयमा मल पाँउदैनौं?**

हामी मल बसन्त ऋतुको सुरुवातमै अडर गर्छौं तर मलको उपलब्धता र वितरण हाम्रो हातमा हुन्न। मल र ट्रक दुवैको उपलब्धता, मलको थुप्रोको चिसोपन, र बाटोको अवस्था (हिलो या सुख्खा) जस्ता कारकहरूले गर्दा पनि समयमै मल उपलब्ध नहुन सक्छ।

GREATER LANSING foodbank GARDEN PROJECT — MEMBER OF FEEDING AMERICA

**7. I wasn't here when compost was delivered, will you bring me compost again?**

**७. मल ल्याउदाँ म यहाँ थिइन, मलाई फेरी मल ल्याइदिनु हुन्छ?**

अहँ, हामी तपाईंलाई फेरी मल ल्याउन सक्दैनौ। सबै किसानहरु उत्तरदायी भई मल बराबरी बाँडेर चलाउनु पर्छ।

**WATER:**

## पानी:

**8. Why are we not getting enough water?**

**८. हामीले किन पर्याप्त पानी पाउदैनौ?**

हामी सक्दो प्रयास गरिरहेका छौँ र बारी लिडर्हरुले पनि आफुले भ्याएसम्म पानी भरीरहेका छन। यदी तपाईं पनि पानी भर्न सहयोग गर्न चाहानु हुन्छ भने बारी परियोजनाका कर्मचारीहरुलाई अवगत गराउनु होस् अनी हामी तपाईंलाई पानी भर्न तालिम दिनेछौ। बढी सहयोगले, अझ धेरै पानी उपलब्ध हुन्छ। यदी पानी खेर फालिएको छ भने हामी पानी सिमित(कम) गर्छौ। पानी निशुल्क उपलब्ध हुन्न, हामीले प्रतेक महिना पानी को पैसा तिर्नु पर्छ। पानीको बिल प्रतेक सिजन बढ्दै गैरहेको छ र अन्ततः सबै किसानहरु जिम्मेवार भई पानीको उचित प्रयोग गर्नु पर्ने छ।

**9. Can I wash my vegetables, hands and legs with tank water?**

**९. बारीमा भएको टेङ्कीको पानीले म तरकारीहरु तथा हातखुट्टा धुन सक्छु?**

अहँ, टेङ्कीको पानीले तपाईं तरकारी र हातखुट्टा धुन पाउनुहुन्न। टेङ्कीको पानी तपाईंको बारीमा उम्रेका बोट-बिरुवाहरुमा हाल्न मात्रै हो।

**10. Why can't I use a hose to water my plants?**

**१०. म किन बोटबिरुवाहरुमा पाइपले पानी हाल्न पाँउदिन?**

पाइपले पानी हाल्दा अरु किसानहरुले पानी हाल्न पाँउदैनन र हामी चाहान्छौ सबै किसानहरुले समान रुपमा पानी हाल्न पाँउन। टेन्की/बेरल बाट पानी हाल्दा सबैले पानी हाल्न पाँउने अवसर सुनिश्चित हुन्छ र कसैले पनि बिरुवाहरुमा पानी हाल्न पर्खनु पर्दैन। अतः तपाईंको प्लटमा पाइप लाँदा अरुको प्लटको बिरुवाहरुमा क्षति पुग्न सक्छ। त्यसैले कृपया, पाइपले पानी हाल्नु भन्दा टेन्की/बेरल भरेर त्यसबाट पानी हाल्नु होला।

GREATER LANSING foodbank GARDEN PROJECT — MEMBER OF FEEDING AMERICA

11. **Watering takes a long time. How can I use less water?**

११. **पानी हाल्न लामो समय लाग्छ, म कसरी थोरै पानीको प्रयोग गर्न सक्छु?**

मलको प्रयोग गर्नको साथसाथै पराल, सुकेका पातहरु, र काटेको घाँस, बिरुवाको वारीपरी लगाउन हामी सुझाव गर्दछौ। यी बस्तुहरुको प्रयोग गर्नाले माटो चिसो राख्न सयोग गर्नुका साथै झार उम्रिनलाई हतोत्साहित गर्छ।

**POTENTIAL GARDEN PROBLEMS:**

## सम्भावित बारीका समस्याहरु:

12. **Who is stealing my produce?**

१२. **मेरो बाली कस्ले चोर्छ?**

हामीलाई वास्तवमै थाहा छैन कस्ले तपाईंको बाली चोरिरहेको छ। बारीमा यो समस्याको न्युनिकरण गर्न हामी सबैले अक्सर एकअर्कासँग कुराकानी गरेर, सबैको बारीको हेर-बिचार गरेर, र बारीमा कुनै शंकास्पद गतिविधिहरू घटेमा बारी लिडर या बारी परियोजनाका कर्मचारीहरुलाई जानकारी गराएर सबै एकजुट भई काम गर्नु पर्छ।

13. **If someone is stealing from my garden, what should I do?**

१३. **यदी कसैले मेरो बारीबाट चोर्दै छ भने मैले के गर्नु पर्छ?**

यदी कसैले तपाईंको बारीबाट चोर्दै गरेको भेट्नु भयो या शंका गर्नु भयो भने, त्यो ब्याक्तीलाई सम्पर्क गरी कुराकानी गर्नुहोस् (सहज लाग्छ भने) । यदी तपाईंलाई सहज लाग्दैन भने तपाईं आफ्नो बारी लिडर या बारी परियोजनाका कर्मचारीहरुसँग कुरा गर्न सक्नु हुन्छ। चोर या शंकास्पद ब्याक्तीको फोटो खिच्नु पनि राम्रो उपाय हो। यदी भयभित स्थिति भएमा पुलिसलाई बोलाउनु होस्।

14. **If I saw some vandalism in the garden, what should I do?**

१४. **यदी मैले बारीमा तोडफोड देखे भने मैले के गर्नु पर्छ?**

यदी तपाईंलाई सहज लाग्छ भने त्यो ब्याक्ती सामु गएर कुराकानी गर्नुहोस्। तपाईंले आफ्नो बारी लिडर र बारी परियोजनाका कर्मचारीहरुलाई पनि जानकारी गराउनु पर्छ। यदी स्थिति भयभित भएमा पुलिसलाई बोलाउनु पर्छ।

**15. Neighborhood children are creating problems, what should I do?**

**१५. छरछिमेकीका केटाकेटीहरुले समस्या खडा गरिरहेका छन, मैले के गर्नु पर्छ?**

तपाईंले ती केटाकेटीहरुसँग या तिनका आमाबाबुहरुसँग कुरा गर्न प्रयास गर्नु पर्छ। सामान्यतय, केटाकेटीहरुले त्यो काम गलत हो र गर्नु हुँदैन भन्ने बुझेपछी समस्या खडा गर्न छोड्छन्। तपाईं बारी लिडर र बारी परियोजनाका कर्मचारीहरुलाई सम्पर्क गरी अझ सहयोग लिन सक्नु हुन्छ तर बारी परियोजनाका कर्मचारीहरु तपाईंको बारीमा बेलाबेला मात्रै आउने हुँदा किसानहरु नै तेस्ता गतिविधिहरूको निगरानी गरी सुल्झाउन सक्ने उत्तम स्थितिमा हुन्छन।

## GARDEN SITE & PLOT MAINTENANCE:

## बारी र प्लट व्यवस्तापन:

**16. Where should I throw my trash?**

**१६. मैले फोहोर मैला कहाँ फ्यालनु पर्छ?**

किसानहरुले सबै फोहोर मैला आफुसँगै  घर लगेर फ्यालनु पर्छ। कृपया, बारीमा फोहोर मैला नछोड्नु होला।

**17. What are the things I should and shouldn't put in compost bin?**

**१७. मल हाल्ने ठाउमा मैले के हाल्नु हुन्छ? के हाल्नु हुँदैन?**

मल हाल्ने ठाउँ, तपाईंको प्लटमा भएका बुढा बोटहरु मात्रै हाल्ने ठाउँ हो जुन बोटहरु स्वाभाविक रूपमा चाँडै सड्छन। (जुनै मोटा डाँक्लाहरु-घामफुल, ब्रासिका आदी-टुक्राएर मात्रै हाल्नु पर्छ।)

मल हाल्ने ठाउँमा हाल्न नहुने कुराहरुमा फोहोर-मैला, बिरुवा रोप्ने प्लस्तिकका भाडाँहरु, र अरु सबै मानवले बनाएका सामग्रीहरु पर्दछन। अत: बर्षनै स्वत: उम्रिरहने झारहरु (क्रयाब ग्रासँ, बरडक, बाइन्ड हुइड, थिसल, आदी), रोग लागेका बोट-बिरुवाहरु, बिउ पाकेर झर्न लागेका झारका बोटहरु, मोटा हागाँहरु र घरबाट ल्याएका बोटहरु तथा उब्रेका खानाहरु मल हाल्ने ठाउँमा हाल्नु हुन्न।

**18. Why shouldn't I throw my plant residue over the fence?**

**१८. मैले किन बोटबिरुवाका डाँक्लाहरु तथा लहराहरु बिजुली घेर्नी माथिबाट फ्याल्नु हुँदैन?**

तपाईंले बोटबिरुवाका डाँक्लाहरु तथा लहराहरु बिजुली घेर्नी माथिबाट फ्याल्नु हुँदैन किनभने तेस्ले झारहरु तथा कीटहरूको निवास सिर्जना गर्दछ। यी चिजहरु थुप्रिदै गएपछी बिजुली घेर्नीको मर्मत गर्न गाह्रो हुन्छ र घेर्नी कम प्रभावकारी हुन्छ।

19. **Could I use the compost from compost bin?**

१९. **म मल खाडीको मल चलाउन सक्छु?**

सक्नुहुन्छ, तपाईंले मल खाडीको मल चलाउन सक्नुहुन्छ तर कृपया, सबैले मल बाँडेर चलाउनु होला।

20. **I have extra produce, where should I take it?**

२०. **यदी मसँग चाइने भन्दा बढी तरकारी भयो भने मैले कहाँ दिन सक्छु?**

यदी तपाईंले कोही आवश्यकतामा परेका ब्यक्तीहरु चिन्नु भएको छ भने उनिहरुसँग बाँड्न सक्नुहुन्छ। स्थानिय खाध्य भण्डारहरु तथा समुदायिक भान्सा घरहरुले पनि ताजा तरकारीहरु स्वीकार्ने गर्दछन। बारी परियोजनाले ती दान लिने भण्डार तथा समुदायिक भान्सा घरहरुको सुची उपलब्ध गराउछ।

21. **Why are there vegetables left on picnic table?**

२१. **टेबलमा तरकारीहरु किन राखेको हो?**

ती तरकारीहरु तपाईंका किसान साथीहरुले आवश्यकतामा परेका ब्यक्तीहरुसँग बाँड्नका लागि राखेका हुन। यदी तपाईंलाई आवश्यक परेको छ भने केही तरकारीहरु लान सक्नुहुन्छ। अत: तपाईंसँग आवश्यकता भन्दा बढी तरकारीहरु छ भने अरुसँग बाँड्नका लागि टेबलमा छोड्न सक्नुहुन्छ।

22. **When do I have to clean up my plot? Why do I have to clean my plot?**

२२. **मैले कहिले आफ्नो प्लट सफा गर्नु पर्छ? मैले किन आफ्नो प्लट सफा गर्नु पर्छ?**

बारी परियोजनाका सबै समुदायिक बारीहरुमा, शरद ऋतुमा बारी सफा गर्ने अन्तिम मिती मध्य अक्टोबरमा पर्दछ। बारी साफा गर्ने जिम्मेवारी सबै दर्ता भएका किसानहरुको हो। किसानहरुले आफ्नो बारीबाट सबै मानव निर्मित वस्तुहरू सहित फोहोर मैला, धागो, डोरी, तार, तथा रोग लागेका बोटहरु हटाउनु पर्छ। तपाईंहरुले शरद ऋतुमा बारी सफा गर्नुभयो भने मात्रै आउने बसन्त ऋतुमा चाँडै बारी सुचारु गर्न सम्भव हुनेछ।